लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

मा. मन्त्रीस्तरबाट ०८०/१०/१८ मा स्वीकृत ।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालन कार्यविधि,२०८०

स्वीकृत मिति: २०८०।१०।१८ (मा. मन्त्रीस्तर)

**प्रस्तावनाः**

व्यक्तिगत रुची, खूबी र क्षमताका आधारमा नेपाली यूवा, विद्यार्थी, स्थानीय/बैदेशिक रोजगारबाट फर्किएका कामदार तथा उनीहरुका परिवार, माध्यमिक विद्यालय, स्थानीय क्लब, युवासँग सम्बन्धीत संघ/संस्थालाई वृत्ति विकासको लागि सूचना, तथ्यांक तथा विवरण, वृत्ति परामर्श/मार्गनिर्देशन प्रदान गरी हासिल गरेका जीबन पर्यन्त सिकाई र सीप अनुरुप तथा श्रम बजारको माग/आवश्यकता बमोजिम दिगो र सहज रुपमा वृत्ति विकासको लागि आवश्यक मार्गनिर्देशन/परामर्श सेवा उपलब्ध गर्ने उद्देश्यले,

सुशासन नियमावली, २०७७ को नियम ९ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेशको सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "वृत्ति **मार्गनिर्देशन** सेवा केन्द्र सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) **"कार्यविधि"** भन्नाले वृत्ति **मार्ग निर्देशन** सेवा केन्द्र सञ्चालन कार्यविधि, २०८० लाई सम्झनुपर्छ।

ख) **"सेवा केन्द्र"** भन्नाले विद्यार्थी वा यूवाहरुलाई वृत्ति विकास सम्बन्धी परामर्श दिन यस कार्यविधि बमोजिम स्थापना गरिएको वृत्ति मार्ग निर्देशन सेवा केन्द्रलाई सम्झनुपर्छ।

ग) **"तालीम प्रदायक संस्था"** भन्नाले छोटो तथा लामो अवधिको वा औद्योगिक प्रशिक्षार्थी सम्बन्धी तालिम संचालन गर्ने संस्थाहरुलाई सम्झनुपर्छ।

घ) **"विद्यालय"** भन्नाले सामुदायिक र संस्थागत विद्यालयलाई सम्झनुपर्छ।

ङ) **"माध्यमिक"** भन्नाले कक्षा ९ देखि १२ सम्मका कक्षालाई सम्झनुपर्छ।

च) **"सहजकर्ता"** भन्नाले सेवा केन्द्रमा परामर्श दिन नियुक्त भएको व्यक्तिलाई सम्झनुपर्छ।

छ) **"विद्यार्थी"** भन्नाले माध्यमिक विद्यालय वा सो भन्दा माथिल्लो तहमा अध्ययनरत विद्यार्थीलाई सम्झनुपर्छ।

ज) **"युवा"** भन्नाले उच्च शिक्षा वा प्राविधिक शिक्षा वा व्यवसायिक शिक्षा हासिल गर्न चाहेका वा त्यस्तो शिक्षा प्राप्त गरी रोजगारीको खोजीमा रहेका १६ वर्ष देखि ४० वर्ष सम्मका जुनसुकै लिङ्गका व्यक्तिलाई सम्झनुपर्छ।

झ) **"निर्देशन पुस्तिका"** भन्नाले विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनका लागि तयार गरिएको पुस्तिकालाई सम्झनुपर्छ।

माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

ञ) **"वृत्ति जानकारी पुस्तिका"** भन्नाले अध्ययन तथा जीविकोपार्जनसँग सम्बन्धित वृत्ति विकासका विभिन्न वैकल्पिक अवसरहरुको बारेमा जानकारी दिन तयार गरिएको पुस्तिकालाई सम्झनुपर्छ।

ट) **"डाटावेश प्रणाली"** भन्नाले वृत्ति मार्ग निर्देशन सेवा केन्द्रमा परामर्शका लागि आएका सेवाग्राहीहरुको विवरण राख्ने विद्युतिय प्रणालीलाई सम्झनुपर्छ।

ठ) **"मन्त्रालय"** भन्नाले लुम्बिनी प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय क्षेत्र हेर्ने मन्त्रालय सम्झनुपर्छ।

ड) **"स्थानीय तह"** भन्नाले लुम्बिनी प्रदेश भित्रका गाउँपालिका, नगरपालिका तथा उपमहानगरपालिका सम्झनुपर्छ।

ढ) **"तालिम केन्द्र"** भन्नाले लुम्बिनी प्रदेश भित्रका सबै तहका शिक्षकहरुलाई तालिम प्रदान गर्ने मन्त्रालय मातहतको शिक्षा तालिम केन्द्रलाई सम्झनुपर्छ।

ण) **"कामदार"** भन्नाले उद्योग, व्यवसायको उत्पादन कार्य वा सेवा प्रदान गर्ने कार्य वा त्यस्तो कार्यसँग सम्बन्धीत काम वा अरु कुनै आकस्मिक काम गरे वापत पारिश्रमिक दिई काममा लगाइएको व्यक्ति सम्झनु पर्दछ।

त) **"रोजगार सेवा केन्द्र"** भन्नाले लुम्बिनी प्रदेश अन्तर्गत स्थानीय सरकारको मातहत संचालनमा रहेका रोजगार सेवा केन्द्रलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## वृत्ति मार्गनिर्देशन सेवा संचालनको लागि कार्यालय र जनशक्ति सम्बन्धी व्यवस्था

३. मन्त्रालयको जिम्मेवारी रहने: सेवा केन्द्र सञ्चालनको सम्पूर्ण जिम्मेवारी मन्त्रालयमा रहनेछ। वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी गुणस्तरीय एवं प्रभावकारी सूचना, परामर्श प्रदान गर्नका लागि मन्त्रालय मातहतको कार्यालयबाट वृत्ति मार्गनिर्देशन सेवा प्रदान गरिनेछ। सो सम्बन्धी कार्यको व्यवस्थापनका लागि मन्त्रालयले मातहतको कार्यालयमा वृत्ति मार्गनिर्देशन सेवा संचालनको लागि तपसिल बमोजिम व्यवस्था गर्नेछ।

(क) सेवा केन्द्रको मूख्य कार्यालय शिक्षा तालिम केन्द्रमा रहनेछ।

(ख) अन्य व्यवस्था नभएसम्मका लागि शिक्षा तालिम केन्द्र प्रमुखले वृत्ति मार्गनिर्देशन सम्बन्धी परामर्श सेवा प्रदान गर्न सक्ने उपयुक्त योग्यता र क्षमता भएको तालिम केन्द्रमा कार्यरत अधिकृतस्तर (कम्तीमा सातौं तह वा सो भन्दा माथिको) को स्थायी कर्मचारीलाई वृत्ति मार्ग निर्देशन केन्द्रको संयोजकको समेत थप जिम्मेवारी दिई काममा लगाउनु पर्नेछ।

(ग) मन्त्रालयसँग सीप विकास सम्बन्धी विभिन्न विषयमा सम्झौता गरी साझेदारीमा कार्यरत कुनै दातृ निकाय वा संघ संस्थाले मन्त्रालयलाई कुनै थप आर्थिक दायित्व नपर्ने गरी तालिम प्राप्त वृत्ति परामर्श सहजकर्ताका रुपमा आफ्ना कर्मचारी (कम्तीमा अधिकृत स्तर वा सो भन्दा माथि) लाई खटाउन सक्नेछ। यसरी कर्मचारी खटाउने दातृ निकाय वा संघ संस्थाले आफ्ना कर्मचारी खटाउनुपूर्व मन्त्रालयको सहमति लिनुपर्नेछ।

माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

(घ) उपदफा (ग) बमोजिम कुनै सहजकर्ता नखटाइएकोमा मन्त्रालयले लुम्बिनी प्रदेशको आर्थिक मामिला हेर्ने मन्त्रालयको सहमति लिई अनुसूचि-१ बमोजिमको योग्यता प्राप्त व्यक्तिलाई स्वयंसेवकको रुपमा सहजकर्ता नियुक्त गर्न सक्नेछ। यस्ता स्वयंसेवकको नियुक्ति र सेवा सुविधा प्रदेशको स्वयंसेवक छनौट सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद-३

## वृत्ति मार्गनिर्देशन सेवा संचालन सम्बन्धी व्यवस्था

४. केन्द्रबाट प्रदान गरिने सेवाहरुः वृत्ति मार्गनिर्देशन सेवा केन्द्रबाट शिक्षा, ज्ञान, सिप तथा सिकाईलाई श्रम बजारमा आबद्ध हुनको लागि विद्यार्थी एवम् यूवाहरुको सहज पहुँच पुग्नेछ। सेवाकेन्द्रले दिने सेवाहरु निम्नानुसार हुनेछन:

(क) विद्यार्थी एवम् युवाहरुलाई सामान्य शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा र अन्य तालिम सम्बन्धी जनाकारी गर्ने ।

(ख) युवा तथा विद्यार्थीलाई उनीहरुको सीप, योग्यता तथा दक्षता अनुरुप अवलम्बन गर्नुपर्ने पेशा वा जागिर सम्बन्धि जानकारी गर्ने ।

(ग) विद्यालयका शिक्षकहरुलाई उनीहरुको विद्यालयमा अध्ययनरत विद्यार्थीको रुची, खुबी र क्षमताको आधारमा वृत्ति छनोट सम्बन्धी मार्गनिर्देशन गराउने सम्बन्धमा जानकारी गर्ने ।

(घ) सेवा केन्द्रले विद्यालयका शिक्षकहरुका लागि आवधिक रुपमा वृत्ति मार्गनिर्देशन कायक्रम संचालन सम्बन्धमा तालिम प्रदान गर्ने ।

(ङ) सेवा केन्द्रबाट सूचना प्रविधिको ज्ञान भएका विद्यार्थी तथा यूवाहरुको लागि वृत्ति मार्ग निर्देशन सेवा सम्बन्धि जानकारीका लागि अनलाइन डिजिटल प्लेटफर्म प्रदान गर्ने ।

(च) विद्यार्थी तथा युवाहरुलाई विद्यमान श्रम बजारको सम्भावना बारे जानकारी प्रदान गर्ने ।

(छ) विद्यार्थीहरुको रुची खुबी र क्षमताको आधारमा उनीहरुले भविष्यमा आर्जन गर्न चाहेको अध्ययन र सीपमूलक तालीम सम्बन्धमा जानकारी प्रदान गर्ने ।

(ज) विद्यार्थी तथा युवाहरुलाई लुम्बिनी प्रदेशभित्र रहेका विभिन्न प्राविधिक तथा व्यवसायिक तालिम सञ्चालन गराउने संस्था र त्यस्ता संस्थामा तालिमका लागि आवश्यक पर्ने आधारभूत कुराहरुबारे जानकारी प्रदान गर्ने ।

(झ) विद्यार्थी तथा युवाहरुलाई सीपमूलक तथा दक्ष जनशक्ति आवश्यक पर्ने विभिन्न उद्योग, संगठन, कम्पनी तथा तालिम प्रदायक संघ संस्था बारे जानकारी प्रदान,

(ञ) वृत्ति मार्ग निर्देशन सम्बन्धि कार्यक्रम संचालनको लागि आवश्यक सिकाई सामग्रीहरुको अध्यावधिक तथा छपाई गर्ने,

५. सेवा प्रवाहको प्रक्रियाः (१) प्राबिधिक तथा ब्यबसायिक शिक्षालय एवम् तालिम केन्द्र, विद्यालय, रोजगार सेवा केन्द्र, सीप विकास इकाई तथा वृत्ति विकास सम्बन्धी काम गर्ने संघ/संस्था तथा महासंघ मार्फत वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्न निम्न क्रियाकलापहरु गरिनेछ।

(क) वृत्ति मार्ग निर्देशन/परामर्श सेवा संचालनको विभिन्न विधि, पद्धति, सामग्री तथा उपकरणहरु मार्फत लक्षित समूहहरुलाई सेवा प्रदान गर्ने ।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(ख) सीप, वृत्ति आंकलन/जाँचबुझ बिधि र औजारको विकास गर्ने ।

(ग) रुची र खुबीको तथ्यांक/जाँचबुझ तथा आँकलन गर्ने ।

(घ) विद्यार्थी/यूवावर्ग, विभिन्न व्यक्ति तथा सेवाग्राहीहरुलाई वृत्ति मार्ग-निर्देशन/परामर्श सेवा प्रदान गर्नको लागि स्तरीय आचारसंहिता तथा मापदण्ड तय गर्ने ।

(ङ) साइकोमेट्रीक जाँच तथा आचरण/योग्यता जाँचको लागि विभिन्न बिधि/औजार (Tools) विकास गर्ने ।

(च) अडियो तथा भिडियो सामग्रीको विकास गर्ने ।

(छ) अन्तरक्रियात्मक सिकाई विधिहरु संचालन गर्ने ।

(ज) अनलाइन जाँच गर्ने विधिहरु तय गरी लागू गर्ने ।

(झ) अनलाइन डीजीटल प्लेटफर्म मार्फत सेवाको विस्तार तथा लक्षित बर्गको पहुँच बढाउने ।

(ञ) स्थानीय तह वा मन्त्रालय मातहतका कार्यालयहरुबाट वृत्ति मार्गनिर्देशन सेवा उपलब्ध गराउने

(ट) वृत्ति मार्गनिर्देशन सेवालाई सूचना तथा प्रविधिको माध्यमबाट सञ्जालीकरण गर्ने ।

(२) उपदफा (१) बमोजिमका सेवाहरु संचालन गर्दा तपसिलको प्रक्रिया समेत अबलम्बन गरिनेछ ।

(क) <u>निवेदन दिनुपर्नेः</u> आफ्नो शैक्षिक तथा श्रम, सीप, तालिम वा रोजगारी सम्बन्धी वृत्ति विकासका लागि परामर्श लिन चाहने विद्यार्थी तथा यूवाहरुले आफ्नो विद्यालय वा आफ्नो स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्र वा तालिम केन्द्रमा लिखित निवेदन दिनुपर्नेछ। त्यस्तो निवेदन सेवा केन्द्रले उपलब्ध गराएको विद्युतिय ठेगाना (इमेल) मार्फत पनि दिन सकिनेछ।

(ख) <u>विवरण खुलाउनुपर्नेः</u> निवेदकले वृत्ति विकास परामर्शका लागि पेश गर्ने निवेदनमा आफ्नो नाम थर, स्थायी र अस्थायी ठेगाना, योग्यता, रुची, चाहना, आफूले लिएको तालिमको विवरण र आफ्नो प्रत्यक्ष सम्पर्क नम्बर खुलाउनु पर्नेछ।

(ग) <u>परामर्श सेवा प्रदान गर्नुपर्नेः</u> उपदफा (५) बमोजिम आफू समक्ष निवेदन प्राप्त भएको सात दिन भित्र निवेदकलाई व्यक्तिगत वा सामूहिक रुपमा वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्नु त्यस्ता निकायको दायित्व हुनेछ। विद्यालय वा स्थानीय तहले शिक्षा तालिम केन्द्रका वृत्ति मार्ग निर्देशन संयोजक वा सहजकर्ताको सहयोग लिन सक्नेछन्।

(घ) <u>सेवा केन्द्रले लेखी पठाउन सक्नेः</u> वृत्ति मार्ग निर्देशन सेवाका लागि विद्युतिय ठेगाना मार्फत आफू समक्ष प्राप्त हुन आएका निवेदन उपर परामर्श प्रदानका लागि सेवा केन्द्रले जुन स्थानीय तह वा विद्यालयबाट आएका हुन् सोही स्थानीय तह वा विद्यालयका सम्पर्क व्यक्ति (फोकल पर्सन) लाई परामर्श सेवा प्रदान गर्न लेखी पठाउन सक्नेछ।

(ङ) <u>सहजीकरण गर्न सक्नेः</u> सेवा केन्द्रले विभिन्न उद्योग, संगठन, कम्पनी तथा तालिम प्रदायक निकाय, प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालय तथा क्याम्पस, विभिन्न संघ संस्था तथा स्थानीय सरकारहरुबाट प्रादेशिक तथा स्थानीय स्तरमा आयोजना गरिने विभिन्न रोजगार मेलाहरुमा त्यस्ता निकाय र युवा एवम् विद्यार्थीबीच समन्वय र सहजीकरण गर्न सक्नेछ।

माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(३) वृत्ति मार्गनिर्देशन सेवा प्रवाह/सञ्चालनको ढांचा अनुसूची-४ मा उल्लेख गरिएको छ ।

## परिच्छेद-४

## वृत्ति मार्गनिर्देशन सेवा संचालन सम्बन्धी संरचनात्मक व्यवस्था

६. **वृत्ति मार्गनिर्देशक समितिः** (१) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यलाई मार्गनिर्देशन प्रदान गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) निर्देशक, शिक्षा विकास निर्देशनालय - सदस्य

(ग) मन्त्रालयको प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम हेर्ने महाशाखा प्रमुख- सदस्य

(घ) निर्देशक समितिले मनोनित गरेको स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) कार्यालय प्रमुख प्रदेश युवा परिषद् - सदस्य

(च) निर्देशक समितिले मनोनित गरेको निजी क्षेत्रको एक जना महिला सहित २ जना प्रतिनिधि- सदस्य

(छ) निर्देशक समितिले मनोनित गरेको स्थानीय तहको शिक्षा हेर्ने अधिकृत स्तरको प्रतिनिधि - सदस्य

(ज) तालिम प्रमुख, शिक्षा तालिम केन्द्र - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित निर्देशक समितिले आवश्यकता अनुसार विभिन्न विद्यालय/शैक्षिक संस्थाका प्रतिनिधि तथा विज्ञहरुलाई आमन्त्रण गरी राय परामर्श लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपदफा (१) बमोजिम गठित निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिम गठित निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र बैठक भत्ता प्रदेश सरकारको प्रचलित नियम बमोजिम हुनेछ ।

७. **वृत्ति मार्गनिर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशक सेवा संचालनको ढांचा र स्वरूप सम्बन्धमा आवश्यक मार्गनिर्देशन गर्ने ।

(ख) श्रोत परिचालनको लागि स्थानीय तह, गै.स.स. क्षेत्र तथा नीजी क्षेत्रसंग समन्वय र सहकार्य गर्ने।

(ग) प्रदेश भित्र संचालन हुने वृत्ति मार्गनिर्देशन सेवाको लागि सरोकारवालाहरु बीच आवश्यक समन्वय र सहकार्य गर्ने ।

(घ) संचालित सेवाको अनुगमन तथा मूल्यांङ्कन एवम् आवश्यक सुधारको लागि निर्देशन गर्ने।

८. **वृत्ति मार्गनिर्देशन सेवा कार्यान्वयन समितिः** वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यलाई गुणस्तरीय र प्रभावकारी कार्यान्वयनको लागि आवश्यकता अनुसार स्थानीय तहहरुमा देहाय बमोजिमको कार्यान्वयन समिति रहनेछः-

(क) स्थानीय तहको सामाजिक विकास समितिको प्रमुख - संयोजक

माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(ख) संयोजकले तोकेको स्थानीय युवा विकास क्षेत्रमा क्रियाशील संघ/संस्था मध्ये १ जना प्रतिनिधि- सदस्य

(ग) स्थानीय तहका सामुदायिक माध्यमिक विद्यालयको प्र.अ. मध्येबाट संयोजकले तोकेको १ जना प्रतिनिधि -सदस्य

(घ) स्थानीय तहको रोजगार संयोजक – सदस्य

(ङ) प्रमुख - शिक्षा, युवा तथा खेलकुद शाखा/महाशाखा - सदस्य सचिव

प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम क्षेत्रमा क्रियाशील संघ/संस्थाको प्रतिनिधिहरुलाई समितिको बैठकमा आमन्त्रित गर्न सकिनेछ।

९. <u>वृत्ति मार्गनिर्देशन सेवा कार्यन्वयन समितिको काम, कर्तव्य र अधिकारः</u> वृत्ति मार्गनिर्देशन सेवा/कार्यक्रम स्थानीय तहमा संचालनको लागि कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालयहरुमा वृत्ति मार्गनिर्देशन इकाई स्थापना, व्यवस्थापन तथा आवश्यक अभिमुखीकरण कार्यको लागि सहजीकरण गर्ने ।

(ख) तोकिएको वा तय गरिएको कार्यक्रमहरुको एकरुपता तथा गुणस्तरीयताको लागि सरोकारवालाहरु बीच आवश्यक समन्वय र सहकार्य गर्ने ।

(ग) विद्यालयमा वृत्ति परामर्श/मार्गनिर्देशन व्यवस्थापन सिप (Career Management Skills) सम्बन्धी कार्यहरु संचालन गर्ने ।

(घ) वृत्ति मार्गनिर्देशन शिक्षक मार्फत विद्यालयमा विद्यार्थीहरुको ज्ञान, सीप, क्षमता विकासलाई श्रम बजारसँग आबद्ध गर्ने गरी आवश्यक वृत्ति विकासको लागि सहजीकरण गर्ने ।

(ङ) वृत्ति विकास कार्यको निरन्तरता र प्रभाबकारीताको लागि सम्बन्धित सरोकारवाला बीच समन्वय तथा सहजीकरण गर्ने ।

(च) शिक्षा, तालिम तथा वृत्ति विकास सम्बन्धी काम गर्ने संघ/संस्था सँग समन्वय गरी एकिकृत रुपमा कार्य संचालनमा टेवा पुर्‍याउने ।

(छ) स्थानीय तहमा वृत्ति मार्गनिर्देशन कार्यक्रमको योजना तर्जुमा गरी संचालनमा सहयोग गर्ने ।

(ज) वृत्ति मार्गनिर्देशन सेवा/कार्यक्रमको विस्तारको लागि आवश्यक श्रोत तथा जनशक्तिको व्यवस्थापनको लागि सहजीकरण गर्ने ।

(झ) संचालित सेवाको अनुगमन तथा मूल्याङ्कन गरी तथ्यांक तथा विवरणको अनलाइन तथा अफलाइन अभिलेखीकरण गर्ने ।

१०. <u>वृत्ति मार्गनिर्देशन संयोजकको काम कर्तव्य र अधिकारः</u>

(क) वृत्ति मार्गनिर्देशन/परामर्श सेवाका लागि जनशक्ति व्यवस्थापन लगायतको आवश्यक कार्य संयोजन गर्ने

(ख) विद्यालयमा संचालन हुने वृत्ति मार्गनिर्देशन कार्यक्रमहरुको अनुगमन, निरीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।

(ग) वृत्ति मार्गनिर्देशन सेवालाई प्रभावकारी बनाउन वृत्ति मार्गनिर्देशन प्रदान गर्ने बिज्ञहरुको रोस्टर सूची तयार पार्ने ।

माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(घ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी आवश्यक सामाग्रीहरु तयार गर्न आवश्यक कार्य गर्ने ।

(ङ) स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र, उद्योग र विद्यालयसँग समन्वय गर्ने ।

(च) सूचना, तथ्यांक तथा विवरणको प्रबिधि मैत्री डाटाबेसको ब्यबस्थापन सुनिस्चित गर्ने ।

(छ) सेवा केन्द्रमा सम्पर्क राखेका यूवा तथा बिद्यार्थीहरुलाई वृत्ति विकासको लागि परामर्श प्रदान गर्ने

(ज) स्थानीय सरकार, रोजगार केन्द्र, उधोग एवम शैक्षिक संस्थाहरुसंग समन्वय गर्ने ।

(झ) वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालनका लागि विद्यालयका शिक्षकहरुलाई तालीम प्रदान गर्ने ।

(ञ) वृत्ति मार्गनिर्देशन सम्बन्धि बिज्ञ तथा अनुभवी व्यक्ति हरुको अभिलेख तयार गरि अध्यावधिक गर्ने गराउने ।

(ट) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धि परामर्श लिएका यूवा तथा बिद्यार्थीहरुको अभिलेख राख्ने, राख्न लगाउने

(ठ) वृत्ति मार्गनिर्देशन सेवा प्रदान गरिएका यूवा तथा बिद्यार्थीहरुको सफलताका कथा र अनुभवको आदान प्रदान र अभिलेखीकरण तथा प्रचार प्रसारको व्यवस्था मिलाउने ।

(ड) वृत्ति मार्गनिर्देशन सम्बन्धि विभिन्न तालीम तथा कार्यक्रमहरुमा सहभागी हुने र सहजीकरण गर्ने ।

(ढ) वृत्ति मार्गनिर्देशन सम्बन्धि मासिक प्रगति प्रतिवेदन तालीम केन्द्र प्रमुख समक्ष पेश गर्ने ।

(ण) यूवा तथा विद्यार्थीलाई प्रदान गरिएका वृत्ति मार्ग निर्देशन सेवा सम्बन्धि परामर्शहरुको औचित्यताका आधारमा गोपनियता कायम राख्ने, राख्न लगाउने ।

(त) सामाजिक विकास मन्त्रालय र तालिम केन्द्र प्रमुखबाट आएको निर्देशनको पालना र कार्यन्वयन गर्ने गराउने ।

(थ) तालिम केन्द्र प्रमुखको दैनिंक सुपरिवेक्षणमा वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धि काम गर्ने गराउने ।

(द) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धि तालिममा सहभागी हुने र प्रदान गर्ने ।

११. <u>वृत्ति मार्गनिर्देशन सहजकर्ताको काम, कर्तव्य र अधिकार:</u>

(क) विद्यार्थी/यूवालाई सामूहिक र व्यक्तिगत रुपमा वृत्ति मार्गनिर्देशन सम्बन्धी निर्देशन/परामर्श सेवा प्रदान गर्ने।

(ख) सेवाग्राहीहरुको तथ्यांक सूचनाहरु संकलन गरी सुरक्षित राख्ने ।

(ग) सेवा प्रदान गर्ने कक्षलाई व्यवस्थित गरेर राख्ने ।

(घ) आवश्यक सामाग्रीहरु सुरक्षित साथ मिलाएर राख्ने ।

(ङ) वृत्ति मार्गनिर्देशन सेवासँग सम्बन्धित सम्पूर्ण अभिलेखहरु सुरक्षित रुपमा राख्ने ।

(च) वृत्ति मार्गनिर्देशन सेवासंग सम्बन्धित सम्पूर्ण कुराहरुको गोपनियता कायम राख्ने ।

(छ) विद्यार्थी/यूवाहरुलाई प्रदान गरेको वृत्ति मार्गनिर्देशन सेवाको सूचना तथा तथ्यांक डाटाबेस अध्यावधिक गर्ने।

(ज) वृत्ति मार्ग निर्देशन संयोजकले समय समयमा दिएको निर्देशनको पालना र कार्यन्वयन गर्ने।

(६)

माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(झ) वृत्ति मार्ग निर्देशन संयोजकको दैनिक सुपरिवेक्षणमा वृत्ति परामर्श सम्बन्धि काम गर्ने।

(ञ) वृत्ति मार्ग निर्देशन सेवा सम्बन्धि तालीम लिने र सोहि अनुरुप सेवा प्रदान गर्ने।

## परिच्छेद - ५

## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनका लागि संलग्न निकायहरुको जिम्मेवारी

**१२. सामाजिक विकास मन्त्रालयको काम कर्तव्य र अधिकार:**

(क) वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालनको लागि आवश्यक वार्षिक बजेटको व्यवस्थापन गर्ने ।

(ख) वृत्ति मार्गनिर्देशन सेवाको प्रभावकारी कार्यान्वयनका लागि अन्य मन्त्रालय, दातृनिकाय र सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गर्ने ।

(ग) प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालीम सम्बन्धि शिक्षालयहरुसँग समन्वय गरी सेवा विस्तारको लागि कार्य संचालन गर्ने/गराउने ।

(घ) वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रमको समय समयमा अनुगमन एवम् आवश्यक सुधारको लागि निर्देशन दिने ।

(ङ) वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्ने जनशक्तिलाई क्षमता अभिवृद्धिको लागि सहयोग गर्ने ।

(च) वृत्ति मार्गनिर्देशन सेवाको लागि आवश्यक पर्ने सूचना, सञ्चार तथा सिकाई सामाग्रीहरुको व्यवस्थापनमा सहयोग गर्ने ।

(छ) वृत्ति मार्गनिर्देशन सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने ।

(ज) सूचना, तथ्यांक तथा विवरणको प्रविधी मैत्री डाटाबेसको व्यबस्थापन सुनिस्चित गर्ने ।

(झ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धि अध्ययन तथा अनुसन्धान गर्ने गराउने ।

**१३. शिक्षा विकास निर्देशनालयको काम कर्तव्य र अधिकार:**

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि सहयोग तथा समन्वय गर्ने ।

(ख) वृत्ति मार्गनिर्देशन सेवाको प्रभावकारी कार्यान्वयनका लागि मातहतमा रहेका सम्पूर्ण विद्यालयहरुमा समन्वय, सहकार्य तथा निर्देशन दिने ।

(ग) वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रमलाई नियमित शैक्षिक क्यालेन्डरमा राखी कार्यक्रमको प्रभाबकारी कार्यन्वयनमा समन्वय तथा अनुगमन गर्ने ।

(घ) स्थानीय तह, शिक्षा विकास समन्वय इकाई र बिद्यालयहरुसंग वृति बिकासको लागि समन्वय तथा सहजीकरण गर्ने ।

(ङ) विद्यार्थीहरुको वृत्ति विकास विवरणलाई मिले सम्म ई.एम.आई.एस. संग जोड्ने ।

**१४. शिक्षा तालिम केन्द्रको काम कर्तव्य र अधिकार:**

(क) वृत्ति मार्गनिर्देशन सेवा संचालन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम तथा वृत्ति मार्गनिर्देशन शिक्षक पुनर्ताजकी तालिम संचालन गर्ने ।

माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(ख) वृत्ति मार्ग निर्देशन सेवा प्रदान गर्न आवश्यक पर्ने सिकाई सामग्रीहरुको अध्यावधिक गर्ने र छपाई गर्ने

(ग) रुची, खुबी तथा क्षमताको आकलनको विभिन्न विधिहरुको निर्माण गर्ने ।

(घ) स्थानीय तहमा रहेका वृति मार्ग निर्देशन सेवा इकाई, बिभिन्न प्राबिधिक शिक्षालय/बिद्यालयहरुमा स्थापना भएको वृत्ति मार्गनिर्देशन सेवा इकाईहरुलाई प्राबिधिक सहयोग गर्ने ।

(ङ) स्थानीय तहहरुबीच समन्वय गरी वृत्ति मार्गनिर्देशन सेवा प्रवाहको लागि सहजीकरण गर्ने ।

(च) प्रविधिको प्रयोग गरी सिकाई सामग्रीहरुलाई डिजीटलाईजेसन् गर्ने ।

(छ) वृत्ति मार्गनिर्देशन कार्यमा संलग्न निकाय तथा कर्मचारीहरुको क्षमता विकासको लागि कार्य गर्ने ।

(ज) वृत्ति मार्ग निर्देशन तथा रोजगारी मेला संचालन गर्न सहयोग गर्ने ।

१५. <u>स्थानीय तहको काम, कर्तव्य र अधिकार:</u>

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि सम्बन्धित सरोकारवालासँग समन्वय गर्ने ।

(ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि रोजगार सेवा केन्द्र र माध्यमिक बिद्यालय मार्फत सेवा प्रदान गर्ने प्रबन्ध मिलाउने ।

(ग) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग संचार तथा समन्वय गर्ने ।

(घ) वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन, अवलोकन तथा सिकाईलाई संस्थागत गर्ने ।

(ङ) वृत्ति मार्गनिर्देशन सेवामा आबद्ध जनशक्तिलाई क्षमता अभिवृद्धि तालिमको लागि सहयोग गर्ने ।

(च) वृत्ति मार्ग निर्देशन सेवाको लागि आवश्यक पर्ने सूचना, संचार तथा सिकाई सामाग्रीको लागि सहयोग गर्ने।

(छ) वृत्ति मार्गनिर्देशन सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि प्राविधिक सहयोग गर्ने

(ज) वृत्ति मार्गनिर्देशन सेवाको लागि आवश्यक सूचना, तथ्यांक तथा विवरणको डाटाबेश प्रणाली विकासको लागि सरकारी, गैह्र सरकारी संघ सस्था, विकास साझेदार संस्था तथा निजि क्षेत्र संग समन्वय तथा सहकार्य गर्ने।

१६. <u>निजी क्षेत्र तथा उद्योग व्यवसायी संघ/महासंघको काम कर्तव्य र अधिकार:</u>

(क) वृत्ति मार्गनिर्देशन सेवा संचालनको लागि सहयोग तथा समन्वय गर्ने ।

(ख) बजारको माग अनुसारको आवश्यक सीप तथा क्षमताको पहिचान गरी जानकारी उपलब्ध गराउने

(ग) श्रम बजारको अवस्थाको जानकारी तथा अभिमुखीकरणको लागि सहजीकरण गर्ने ।

(घ) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि विभिन्न उद्योग व्यवसाय मार्फत सहजीकरण गर्ने

(ङ) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने ।

माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

(च) वृत्ति मार्गनिर्देशन सेवाको आवश्यक सूचना, तथ्यांक साथै सिकाई र असल अभ्यासलाई प्रचार प्रसार गर्ने ।

(छ) वृत्ति विकास कार्यमा संलग्न जनशक्तिलाई क्षमता अभिवृद्धिका लागि सहयोग गर्ने ।

(ज) वृत्ति विकास सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने

१७. प्राविधिक तथा व्यसायिक शिक्षा एवम तालीम शिक्षालय /बिद्यालयको काम कर्तव्य र अधिकार:

(क) स्थानीय तहको समन्वयमा वृत्ति मार्गनिर्देशन सेवा इकाई स्थापना गर्ने ।

(ख) वृत्ति मार्ग निर्देशन सेवा संचालनको लागि आवश्यक सहयोग तथा समन्वय गर्ने ।

(ग) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि सहजीकरण गर्ने ।

(घ) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालाहरुसँग सञ्चार तथा समन्वय गर्ने

(ङ) वृत्ति मार्गनिर्देशन सेवाको अवलोकन तथा सिकाईलाई प्रचार प्रसार गर्ने ।

(च) रोजगार पदस्थापन तथा वृत्ति मार्गनिर्देशन सेवा कार्यान्वयन इकाई मार्फत वृत्ति मार्गनिर्देशनमा पहुँच अभिवृद्धिका लागि सहयोग गर्ने ।

(छ) आवश्यक पर्ने सूचना शिक्षा सञ्चार सम्बन्धी प्रचार प्रसारको लागि सहयोग गर्ने ।

(ज) वृत्ति विकास सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने

(झ) वृत्ति मार्गनिर्देशन सेवाको बारेमा सम्बन्धित सम्पूर्ण विद्यार्थी तथा अभिभावकलाई जानकारी गराउने

१८. युवा परिषद/युवा क्लब/संजालको काम कर्तव्य र अधिकार:

(क) वृत्ति मार्गनिर्देशन सेवाहरुको बारेमा प्रचार प्रसारको लागि सहयोग तथा समन्वय गर्ने ।

(ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि आवश्यक सहयोग गर्ने ।

(ग) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने ।

(घ) वृत्ति मार्गनिर्देशन सेवाको सिकाई र असल अभ्यासलाई प्रचार प्रसार गर्ने ।

(ङ) वृत्ति मार्गनिर्देशन सेवाको दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने ।

## परिच्छेद-६

## विविध

१९. तालिम सम्बन्धी व्यवस्था: शिक्षा तालीम केन्द्रद्वारा वृत्ति मार्गनिर्देशन संयोजक, सहजकर्ता, वृत्ति मार्गनिर्देशन शिक्षक तथा स्थानीय तहका वृत्ति मार्गनिर्देशन कार्यक्रम सम्बन्धि फोकल कर्मचारीका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।

२०. मन्त्रालय मार्फत सम्पर्क गर्नुपर्ने: सरोकारवाला अन्य परियोजनाले वृत्ति मार्ग निर्देशन सेवा सम्बन्धि कार्यका न्त्रालय मार्फत तालिम लागि म केन्द्रसँग सम्पर्क गर्नु पर्नेछ।

माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

२१. **<u>सम्पर्क व्यक्ति (फोकल पर्सन) सम्बन्धी व्यवस्थाः</u>** वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यका लागि मन्त्रालयको योजना शाखा हेर्ने प्रमुख सम्पर्क व्यक्ति रहनेछन् । तालिम केन्द्रले मन्त्रालय मातहतका सबै सामाजिक विकास डिभिजन कार्यालय र सबै स्थानीय तहलाई वृत्ति मार्ग निर्देशन सम्बन्धि सम्पर्क व्यक्ति तोक्न लगाउनेछ । सामाजिक विकास डिभिजन कार्यालय र स्थानीय तहले न्यूनतम पाँचौ तह सम्मको स्थायी कर्मचारीलाई परामर्श सम्पर्क व्यक्ति तोक्नु पर्नेछ । विद्यालयले आफ्ना माध्यमिक तहका शिक्षकहरुमध्येबाट एकजना स्थायी शिक्षकलाई वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यका लागि सम्पर्क व्यक्तिका रुपमा तोक्नु पर्नेछ ।

२२. **<u>अनुगमन सम्बन्धि व्यवस्थाः</u>** मन्त्रालयले समय समयमा वृत्ति मार्ग निर्देशन सेवा सम्बन्धि कार्यको अनुगमन तथा निरीक्षण गर्नेछ । वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धि सम्पूर्ण कार्यको रेखदेख अनुगमन गर्ने जिम्मेवारी तालिम केन्द्र प्रमुखको हुनेछ ।

२३. **<u>प्रतिवेदन पेश गर्नुपर्नेः</u>** स्थानीय तह र विद्यालयले आफू समक्ष प्राप्त हुन आएका निवेदन र दिइएको वृत्ति मार्ग निर्देशन सेवा सम्बन्धी विवरण समावेश गरी प्रत्येक तीन महिनामा वृत्ति मार्गनिर्देशन सेवा केन्द्रमा त्यहाँको संयोजकले प्रत्येक तीन महिनामा तालिम केन्द्र प्रमुखलाई र तालिम केन्द्र प्रमुखले वृत्ति परामर्श सेवा सम्बन्धी कार्यको वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रत्येक आर्थिक वर्षको भाद्र महिना भित्र सामाजिक विकास मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

२४. **<u>संसोधनः</u>** यस कार्यविधिलाई मन्त्रालयले आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

२५. **<u>खारेज हुनेः</u>** यस कार्य विधिमा उल्लेख भएका प्रावधानहरु प्रचलित कानूनसँग बाझिएको हदसम्म खारेज हुनेछन् ।

२६. **<u>वाधा अड्चन फुकाउने अधिकार :</u>** यस कार्यविधिको कार्यन्वयनमा कुनै समस्या वा दिविधा उत्पन्न भएमा प्रचलित कानूनको अधिनमा रही वाधा अड्चन फुकाउने कार्य मन्त्रालयले गर्ने छ ।

## अनुसूची-१

### दफा ३ को उपदफा (५) सँग सम्बन्धित

**<u>स्वयंसेवक सहजकर्ताको योग्यता</u>**

१. मनोसामाजिक वा समाजशास्त्र विषयमा स्नातक उपाधि हासिल गरेको,
२. सम्बन्धित क्षेत्रमा कम्तिमा एक वर्षको अनुभव प्राप्त भएको,
३. वृत्तिविकास परामर्श सेवा सम्बन्धी तालिम प्राप्त गरेको,
४. नेपाली नागरिक,
५. कम्प्युटरमा राम्रो दखखल भएको,
६. नेपाली र अंग्रेजी भाषा राम्रोसँग लेख्न र बोल्न सक्ने,
७. सहजीकरण र समन्वयकारी भूमिका निर्वाह गर्न सक्ने क्षमता भएको,
८. स्पष्ट वक्ता, मृदुभाषी

## अनुसूची-२

**वृत्ति मार्गनिर्देशन सेवा केन्द्रकोलागि आवश्यक आधारभूत सामाग्रीहरु :**

माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

| क्रस | सामग्रीको नाम | संख्या |
|---|---|---|
| १ | डिजिटल लर्निङ्ग बोर्ड /एल सी डी प्रोजेक्टर / एल ई डी (स्मार्ट टि भि) | १ |
| २ | दराज | २ |
| ३ | इप्रिन्टर | १ |
| ४ | कम्प्युटर (ल्यापटप) | १ |
| ५ | टेबल /कुर्सि सेट | आवशयक |
| ६ | कुर्सि (ग्रुप कौन्सेलिङ्ग) | आवशयक |
| ७ | व्हाइट बोर्ड | १ |
| ८ | सफ्ट बोर्ड | १ |
| ९ | टेलिफोन सेट | १ |
| १० | स्टेस्नेरी सामग्रीहरु | आवश्यक |
| ११ | | |

अनुसूची-३

वृत्ति मार्गनिर्देशन कार्यक्रमको प्रगति प्रतिवेदनको ढांचा

वृत्ति मार्गनिर्देशन सेवा संचालन

सम्पन्न प्रतिवेदन

(प्रतिवेदन अवधिः मिति ..................... देखि मिति ..................... सम्म)



माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

<u>प्रतिवेदन पेश गरिएको संस्था:</u>

लुम्बिनी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

राप्ती उपत्यका (देउखुरी) नेपाल

<u>प्रतिवेदन पेश गर्ने संस्था:</u>

..........................................

...............................

माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## वृत्ति मार्गनिर्देशन कार्यक्रम सम्पन प्रतिवेदन

१. कार्यक्रमको परिचय :

२. कार्यक्रमको उद्देश्य :

३. वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी विस्तृत प्रगति विवरण

क)सेवाग्राहीको संख्यात्मक विवरणः

| क.सं. | वृत्ति मार्ग निर्देशन सेवा | सेवाग्राही संख्या | | कैफियत |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | | | | |
| २ | | | | |
| | | | | |
| जम्मा सेवाग्राही संख्या | | | | |

ख) वृत्ति परामर्श सम्बन्धी भएका कक्षाहरुको विवरणः

| क. सं. | विषय | घण्टा |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

४. युवा/विधार्थीहरुको अनुभब :

५. वृत्ति मार्गनिर्देशक परमर्शकर्ताको अनुभब तथा सिकाई :

६. वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको समग्र अनुभब तथा सिकाईः


७. सुधारको लागि सुझाब तथा सल्लाहः

८. अनुसूची

माननीय [illegible] गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

अनुसूची-४

वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको विस्तृत ढाँचा




लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश